# धितोपत्र सूचिकरण सम्वन्धी जानकारी पुस्तिका

## १. पृष्टभूमि :

धितोपत्र कारोवार ऐन, २०४० को कार्यान्वयन पश्चात सूचिकृत धितोपत्रहरुको दोश्रो वजार संचालन गर्ने उद्देश्यले तत्कालिन सेक्यूरिटी खरिद विक्री केन्द्र लि. ले सात वटा संगठित संस्थाहरु नेपाल बैंक लि., नेपाल इन्स्योरेन्स कम्पनी लि., राष्ट्रिय वीमा संस्थान, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, विसाल वजार कम्पनी लि., काठमाण्डू पाउरोटी लि. र पोखरा पाउरोटी लि. को शेयर सूचिकरण गरी दोश्रो वजार संचालन गरेको हो । धितोपत्र कारोवार ऐन, २०४० को प्रथम संशोधन २०५० मा भए पश्चात ऐनले लक्षीत गरे अनुसार कार्य विशिष्टकरण (Job Specialization) गर्न तत्कालिन सेक्यूरिटी खरीद विक्री केन्द्र लि. लाई २०५० जेष्ठ १३ गते नेपाल धितोपत्र विनिमय वजार लिमिटेड (Nepal Stock Exchange Ltd.) मा परिणत गरियो ।

मुलुकमा सूचिकृत धितोपत्रहरुको विधिवत दोश्रो वजार संचालन भई इजाजत प्राप्त सदस्य दलालहरु मार्फत गतिशिल तवरले संगठित संस्थाहरुको सूचिकृत धितोपत्रहरुको कारोवार शुरु भएको १३ वर्ष पूरा भई १४ वर्ष लागेको छ । धितोपत्र वजारको संचालनमा धितोपत्र सूचिकरण प्रक्रियाको अहम भूमिका रहेको हुन्छ । संगठित संस्थाहरुले सर्वसाधारणमा धितोपत्र निष्काशन, वाँडफाँड र प्रमाण-पत्र वितरण कार्य सम्पन्न गरेपछि ऐन, नियम, विनियम मुताविक धितोपत्रहरुको सूचिकरण प्रक्रिया सम्पन्न गराई अन्तराष्ट्रिय अवधारणा अनुरुप लगानीकर्ताहरुलाई उनीहरुको लगानीमा तरलता प्रदान गर्ने अर्थात पुनः खरीद विक्री योग्य वनाउने उद्देश्यले धितोपत्र सूचिकरण गराउने व्यवस्था रहेको छ । यसै अनुरुप यस नेपाल स्टक एक्सचेन्ज लिमिटेडले अन्तराष्ट्रिय मूल्य र मान्यता समेत दृष्टिगत गरी पारदर्शी एवं विश्वनीय सूचिकरण प्रक्रिया अवलम्वन गरी सूचिकरण गर्ने गर्दछ । यसरी धितोपत्र सूचिकरण प्रक्रियाको वारेमा यथेष्ट जानकारी प्रदान गर्न र लगानीकर्ताहरु, धितोपत्र निष्काशन गर्ने संगठित संस्थाहरु, निष्काशन तथा विक्री प्रवन्धक कम्पनीहरु र वित्तीय मध्यस्तकर्ताहरुलाई सु-सूचित गर्ने उद्देश्यले यो पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको हो ।

## २. धितोपत्र सूचिकरण सम्वन्धी व्यवस्था :

संगठित संस्थाले सार्वजनिक तवरले सर्वसाधारण समक्ष निष्काशन गरेको धितोपत्रहरु साधारण शेयर, अग्राधिकार शेयर, सरकारी ऋणपत्र, डिवेन्चर आदि सर्वसाधारणमा विक्री वितरण भई धितोपत्रको प्रमाण-पत्र हस्तान्तरण पश्चात उक्त धितोपत्र पुनः खरीद विक्री हुन सक्ने तुल्याउन नेपाल

स्टक एक्सचेन्ज लिमिटेडमा धितोपत्र सूचिकरण विनियामली, २०५३ वमोजिम दर्ता गर्ने प्रकृयालाई सूचिकरण भनिन्छ । यसरी सूचिकरण प्रक्रिया पूरा भए पश्चात वित्तीय मध्यस्थकर्ताहरु (Financial Intermediaries) मार्फत दोश्रो वजारमा कारोवार गर्न सकिन्छ ।

## ३. धितोपत्र सूचिकरण आवेदन दिनु पर्ने :

धितोपत्र कारोवार नियमावली, २०५० को नियम २२ वमोजिम संगठित संस्थाले स्टक एक्सचेन्जमा धितोपत्र सूचिकरण गराउन शेयर सूचिकरणको निमित्त अनुसूची ८ को फाराम नं. १ वमोजिमको ढाँचामा सोही नियमको अनुसूचि ९ वमोजिम नियमानुसार तोकिएका शूल्क तथा आवश्यक कागजातहरु सहित आवेदन दिनुपर्नेछ ।

## ४. धितोपत्र सूचिकरण आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :

धितोपत्र सूचिकरण विनियमावली, २०५३ को परिच्छेद २ मा धितोपत्र सूचिकरण सम्वन्धी व्यवस्था उल्लेख भएको र सोको विनियम ५ मा उल्लेख भए वमोजिम कागजातहरु तथा अन्य विवरणहरु (सूचिकरण शूल्क र चेक लिस्ट पेज नं १४ देखी १६ मा समावेश गरिएको) निवेदनसाथ पेश गर्नु पर्नेछ ।

## ५. धितोपत्र सूचिकरण सम्वन्धी आवश्यक पूर्व शर्तहरु :

देहायका धितोपत्रहरुको सम्वन्धमा देहाय वमोजिमका शर्तहरु पूरा भएको भएमा मात्र धितोपत्र सूचिकरण सम्वन्धी प्रक्रिया अगाडि वढाइने छ ।

### ५.१ सूचिकरण गरिने धितोपत्र साधारण शेयर भएमा :

(क) चक्तापूँजी कम्तिमा रु. २५ लाख हुनुपर्ने ।

(ख) शेयरवालाको संख्या कम्तीमा ५०० (पाँच सय) हुनुपर्ने ।

(ग) सार्वजनिक तवरले शेयर निष्काशन नगरेको कम्पनीको हकमा धितोपत्र सूचिकरण भएको दुई  वर्ष भित्र शेयरवाला संख्या पुऱ्याउने गरी सूचिकरण गर्न सकिनेछ ।

(घ) शेयरको अंकित मूल्य रु. १०।- (दश) वा रु. १००।- (एक सय) भएको हुनु पर्ने ।

(ङ) संगठित संस्थाको पूँजीको संरचनाको आधारमा सर्वसाधारणलाई निम्न वमोजिम विक्री वा वाँडफाँड गर्नु पर्ने तथा विक्रीको लागि छुट्याईएको हुनु पर्नेछ ।

| जारी पूँजी | सर्वसाधारणका लागि छुट्याएको हुनु पर्ने |
| --- | --- |
| रु. १ करोडसम्म भएमा | २५% |
| रु. १ करोड देखि माथि रु. ५ करोड सम्ममा | २०% |
| रु. ५ करोड देखि माथि रु. १० करोड सम्ममा | १५% |

रु. १० करोड भन्दा माथि भएमा : नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिई स्टक एक्सचेन्जले समय समयमा तोकेको प्रतिशत शेयर सर्वसाधारणलाई विक्री वा बाँडफाँड भएको वा विक्रीको लागि छुट्याएको हुनु पर्नेछ ।

५.२ सूचिकरण गरिने धितोपत्र अग्राधिकार शेयर, डिवेन्चर, एकांक वचत कार्यक्रम प्रमाण-पत्र वा समूहगत वचत कार्यक्रम प्रमाण-पत्र भएमा तल उल्लेख भएवमोजिम निष्काशन वा बाँडफाँड भएको हुनुपर्ने ।

| | | |
| --- | --- | --- |
| (क) | अग्राधिकार शेयर भएमा | रु. ५० लाख वरावरको हुनु पर्नेछ । |
| (ख) | एकांक वा समूहगत वचत कार्यक्रम भएमा | रु. २ करोड वरावरको हुनु पर्नेछ । |
| (ग) | अग्राधिकार शेयरवाला वा एकांक वचत प्रमाण-पत्र वाला वा समूहगत वचत प्रमाण-पत्र वालाको संख्या | कम्तिमा २०० जना हुनु पर्नेछ । |
| (घ) | डिवेन्चर | कम्तिमा ७ जना हुनु पर्नेछ । |

(नेपाल धितोपत्र वोर्डको मिति २०६३।१०।२३ को पत्र अनुसार)

(ङ) धितोपत्रको अंकित मूल्य शेयर भएमा रु. १०।- (दश) वा रु. १००।- (एक सय) र डिवेन्चरको हकमा वा रु. १०००।- (एक हजार) हुनु पर्नेछ ।

## ६. धितोपत्र सूचिकरण आवेदन उपर जाँचवुझ गर्नु पर्ने :

धितोपत्र सूचिकरणको लागि नियमानुसार तोकेको कागजातहरु तथा अन्य विवरणहरु समावेश गरी प्राप्त गरेको निवेदन माथि सूचिकरण शाखाले आवश्यक जाँचवुझ गर्नेछ । यसरी धितोपत्र सूचिकरणको लागि प्राप्त निवेदन, कागजातहरु तथा विवरणहरुको विस्तृत अध्ययन एवं विश्लेषण गरी धितोपत्र सूचिकरण गराउन चाहने कम्पनीको आर्थिक कारोवार स्थिति सन्तोषजनक भए नभएको, गतिशिल कारोवार हुन सक्ने/नसक्ने धितोपत्रको स्वामित्व हस्तान्तरण, नामसारी, दाखेल खारेज, एकीकरण, विभाजन आदि, सम्वन्धी व्यवस्था र जारी तथा चुक्ता पूँजी, शेयरवालाहरुको संख्या, आदि सम्वन्धमा निवेदन प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र जाँचवुझ गरिने छ । यसरी जाँचवुझ गर्दा कुनै थप कागजात वा विवरण वा जानकारी प्राप्त गर्नु पर्ने देखिएमा पुनः थप कागजातहरु माग गरी

सूचिकरण प्रकृयालाई निरन्तरता दिईनेछ।

६.१ यसरी धितोपत्र सूचिकरण आवेदन उपर अध्ययन एवं विश्लेषण गर्दा माग गरिएको थप कागजातहरु सम्वन्धित कम्पनीले ७ (सात) दिन भित्र पेश गरी सक्नु पर्नेछ।

६.२ माथि उल्लेख भए वमोजिमका कागजातहरु प्राप्त भए पछि स्टक एक्सचेन्जले धितोपत्र सूचिकरण आवेदन दर्ता भएको मितिले १ (एक) महिना भित्र धितोपत्र सूचिकरण गर्न मिल्ने भएमा सम्वन्धित कम्पनीलाई धितोपत्र सूचिकरण सम्भौताको लागि पत्राचार गरिने छ र नमिल्ने भएमा नमिल्ने कारण सहितको व्यहोरा खुलाई सम्वन्धित कम्पनीलाई जानकारी गराउनु पर्दछ।

## ७. धितोपत्र सूचिकरण प्रकृया तथा सम्भौता गर्नु पर्ने :

नयाँ संगठित संस्थाको हकमा सूचिकरण शाखाले आवेदन र संलग्न कागजातहरु अध्ययन एवं विश्लेषण गरी धितोपत्र सूचिकरण उपसमितिमा पेश गर्नेछ। यसरी धितोपत्र सूचिकरण उपसमितिको वैठकवाट सूचिकरण गर्ने सम्वन्धी निर्णय भएमा सिफारिश सहित यस स्टक एक्सचेन्जको संचालक समितिमा पेश हुनेछ। संचालक समितिको वैठकवाट अध्ययन एवं छलफल पश्चात धितोपत्र सूचिकरण गर्ने नगर्ने निर्णय गरिन्छ।

अवेदक कम्पनीको धितोपत्र सूचिकरण सम्वन्धमा संचालक समितिको निर्णय भए पछि सम्वन्धित कम्पनीलाई धितोपत्र सूचिकरण सम्भौता पत्रमा हस्ताक्षरको लागि सूचना दिइने छ। कम्पनी र स्टक एक्सचेन्ज वीच धितोपत्र सूचिकरण सम्भौता गर्ने क्रममा कम्पनीको अध्यक्ष र प्रवन्ध संचालक तथा यस लि. का महाप्रवन्धक र अन्य पदाधिकारीहरु वीच अर्न्तक्रिया भए पश्चात सूचिकरणको सम्भौता गरिने छ (सम्भौतापत्र को ढाँचा यसै साथ संल्गन छ)। यसरी कम्पनी र स्टक एक्सचेन्ज वीच धितोपत्र सूचिकरण सम्भौता सम्पन्न भएको सूचना सर्वसाधारणलाई जानकारी दिने राष्ट्रिय दैनिक पत्र पत्रिकामा प्रकाशित गरिनेछ। यसरी सूचना प्रकाशित भएको ७ (सात) दिन पश्चात स्टक एक्सचेन्जको कारोवार कक्षमा धितोपत्र दलाल व्यवसायी मार्फत कारोवार हुन सक्नेछ।

सूचिकृत कम्पनीले जारी गरेको हकप्रद तथा वोनस शेयर सूचिकरण गर्ने कार्य धितोपत्र सूचिकरण समितिले गर्नेछ।

## ८. <u>सरकारी ऋणपत्र</u> :

नेपाल सरकारले सर्वसाधारण समक्ष वजार सिद्धान्त अनुरुप कारोवार हुने गरी जारी गरेको सरकारी ऋणपत्रहरुलाई दोश्रो वजारमा कारोवार योग्य तुल्याई तरलता कायम गर्न सूचिकरण छुट दिए तापनि स्टक एक्सचेन्जले विधिवत दर्ता गरी कारोवार योग्य वनाउदै आएको छ ।

## ९. <u>सूचिकरण स्थगन</u> :

स्टक एक्सचेन्जले देहायको अवस्थामा कुनै पनि सूचिकृत संगठित संस्थाको सूचिकरण तथा कारोवार स्थगन गर्न सक्नेछ ।

(क) स्टक एक्सचेन्जलाई तिर्नुपर्ने वार्षिक सूचिकरण नविकरण शूल्क तोकेको म्यादभित्र नवुझाएमा।

(ख) धितोपत्र कारोवार तथा मूल्यसंग सम्वन्धित संवेदनशिल धितोपत्रको मूल्यलाई प्रत्यक्ष प्रभाव पार्ने संगठित संस्थाको संचालक समितिको निर्णयहरु धितोपत्र सूचिकरण सम्झौता मुताविक तोकेको समयमा प्राप्त नभएमा ।

(ग) सूचिकरण सम्झौतामा उल्लेखित शर्तहरु पालना नगरेमा, ऐन, नियम, विनियम र निर्देशिकाको वर्खिलाप काम गरेमा ।

(घ) उपर्युक्तानुसार कुनै सूचिकृत संगठित संस्थाले कार्य गरेमा कारोवार स्थगन गर्नु अगावै त्यसरी गर्नुपर्ने कारण खोली उचित समय दिई संगठित संस्थासंग स्टक एक्सचेन्जले स्पष्टिकरण माग गर्ने गर्दछ ।

## १०. <u>सूचिकरण वा कारोवार स्थगन गर्नुपर्ने अवस्थाहरु</u> :

देहायको अवस्थामा भने स्टक एक्सचेन्जले सूचिकृत संगठित संस्थासंग स्पष्टिकरण माग गर्ने प्रक्रिया अवलम्वन गरी सूचिकरण तथा कारोवार स्थगन गर्न सक्नेछ ।

(क) सूचिकरण तथा कारोवार स्थगन प्रक्रिया अवलम्वन गर्दा झूठा सवुत प्रमाण संकलन गर्न सक्ने तथा आफ्नो विरुद्धको प्रमाण गायव गर्न सक्ने सम्भावना देखिएमा ।

(ख) सूचिकरण तथा कारोवार स्थगित नगरी कारोवार प्रक्रिया सूचारु राख्दा लगानीकर्ताहरु तथा संगठित संस्था स्वयंलाई कुनै हानी नोक्सानी हुने सम्भावना देखिएमा ।

(ग) यसरी सूचिकृत संगठित संस्थाको धितोपत्रको सूचिकरण तथा कारोवार स्थगन प्रक्रिया अवलम्वन गर्दा मथि उल्लेखित स्पष्टिकरण माग गर्दा, ऐन, नियम तथा विनियमको वर्खिलाप

हुने गरी कुनै काम गरेको प्रमाणित भएमा त्यस्ता संगठित संस्थालाई तीन महिनाको समय दिई ऐन, नियम, विनियम अनुसार कार्य गर्ने शर्तमा सूचिकरण स्थगन गरिनेछ ।

(घ) यसरी तीन महिनाको म्याद दिई सूचिकरण तथा कारोवार स्थगन भएको सूचिकृत संगठित संस्थाले तोकेको म्यादभित्र गर्नुपर्ने सुधार कार्यहरु गरी स्टक एक्सचेन्जलाई जानकारी दिएपछि स्टक एक्सचेन्जले आवश्यक जाँचवुझ गरी मनासिव लागेमा कारोवार स्थगन फूकूवा गरी भोलिपल्ट वा वजार खुल्नु अगावै सम्वन्धित संगठित संस्था, नेपाल धितोपत्र वोर्ड र सर्वसाधारण लगानीकर्ताहरु तथा अन्य सरोकारवालाहरुलाई सार्वजनिक सञ्चार माध्यम र स्टक एक्सचेन्जको आधिकारिक web-site मार्फत जानकारी गराईनेछ ।

(ङ) सूचिकृत संगठित संस्थावाट स्पष्टिकरण सन्तोषजनक नआएमा र म्याद तोकेर सुधार गर्न निर्देशन दिएको अवधिभित्र पनि तोकिएको कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो संस्थाको सूचिकरण वा कारोवार स्थगन गरिनेछ ।

## ११. <u>सूचिकरण खारेज गर्न सकिने</u> :

सूचिकृत संगठित संस्थाको देहायको अवस्थामा सूचिकरण खारेज गर्न सकिनेछ ।

(क) सूचिकरण वा कारोवार स्थगन गर्दा जुन कारणले स्थगन गरिएको हो सो कारण अनुसार कार्य पूरा गरी सूचिकरण कायम हुन नसकेमा ।

(ख) कुनै पनि सूचिकृत संगठित संस्थाले आर्थिक वर्ष पूरा भएको दुई वर्षको समयावधिभित्र पनि लेखापरीक्षण सम्पन्न भएको वासलात तथा नाफा/नोक्सान हिसाव स्टक एक्सचेन्ज, नेपाल धितोपत्र वोर्डमा नवुझाएमा र सरोकारवालाहरुलाई सार्वजनिक सञ्चार मध्यम मार्फत सार्वजनिक नगरेमा ।

(ग) कम्पनी, कम्पनीको संचालक र संस्थापकहरु धितोपत्र वजारको सम्पर्कमा नआएमा वा दर्ता ठेगानामा आधिकारीक अन्य व्यक्ति फेला नपरेमा ।

उपर्युक्त अवस्थामा संगठित संस्थाको सूचिकरण खारेज गर्ने निर्णय अगावै सूचिकरण खारेज गर्नुपर्ने कारण समेत खोली सम्वन्धित संगठित संस्थालाई जानकारी दिनुपर्नेछ । साथै सूचिकरण खारेज गर्नु नपर्ने कुनै कारण भएमा सवुत प्रमाण सहित १५ दिनभित्र स्पष्टिकरण पेश गर्ने म्याद स्टक एक्सचेन्जले दिनेछ । उल्लेखित म्यादभित्र संगठित संस्थावाट कुनै जानकारी नआएमा वा प्राप्त जानकारी सन्तोषजनक नभएमा सूचिकरण खारेज गरिनेछ ।

सूचिकरण खारेज गर्ने निणर्य भएमा तुरुन्त संगठित संस्थालाई जानकारी दिई नेपाल धितोपत्र वोर्डलाई समेत तुरुन्त जानकारी दिनुपर्दछ । सरोकारवाला अन्य संस्थाहरु र सर्वसाधारण लगानीकर्ताहरुलाई सम्भव भएसम्म सोही दिन वा भोलिपल्ट वजार खुल्नु अगावै सार्वजनिक सञ्चार माध्यम र स्टक एक्सचेन्जको आधिकारिक Web-site मार्फत जानकारी दिनुपर्दछ ।

## १२. पुनः सूचिकरण हुन सक्ने :

सूचिकरण खारेज भएका संगठित संस्थाहरुको देहायको अवस्थामा पुनः सूचिकरण गर्न सकिनेछ ।

(क) संगठित संस्थाको व्यवस्थापनले धितोपत्र कारोवारलाई निरन्तरता प्रदान गर्ने सम्वन्धमा प्रतिवद्धता जाहेर गरेमा ।

(ख) लेखापरीक्षण सहितको विगत वर्षहरुको वित्तीय विवरणहरु पेश गरेमा ।

(ग) आगामी तीन आर्थिक वर्षहरुको प्रक्षेपित आय-व्यय विवरण लगायत भावी कार्यक्रमहरु र संगठित संस्थाको धितोपत्रहरु गतिशिल तवरले कारोवार हुन सक्छ भन्ने सम्वन्धमा स्टक एक्सचेन्ज सन्तुष्ट भएमा ।

(घ) संगठित संस्थाको व्यवसाय संचालन इजाजतपत्र र आयकर दर्ता प्रमाण-पत्र प्रमाणित प्रतिलिपि उपलव्ध भएमा ।

(अनुसूची ८)
(नियम २२(१) संग सम्वन्धित)
फा.नं. १

# (सूचिकरणको लागि आवेदन पत्र)

मिति :................

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : सूचिकरण गराई दिने बारे ।

महाशय,

धितोपत्र कारोवार ऐन, २०६३ र धितोपत्र सूचिकरण विनियमावली, २०५३ अनुसार यस बैंक/कम्पनी/संस्थाको धितोपत्र त्यस लि. मार्फत कारोवार हुन सक्ने गराउन सम्पूर्ण आवश्यक बिबरण भरी यो निवेदन गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिम शेयर/डिवेन्चर/अग्राधिकार शेयर सूचिकरण गरी दिन हुन अनुरोध छ । साथै, धितोपत्र कारोवार ऐन, २०६३ र धितोपत्र सूचिकरण विनियमावली, २०५३ अर्न्तगत गर्नु पर्ने कुराहरुको पालना गर्न यस बैंक/कम्पनी/संस्थालाई मंजूर भएको ब्यहोरा पनि अनुरोध छ ।

१.
२.
३.
४.
५.
६.

..........................................
(महाप्रवन्धक/कार्यकारी संचालक)

---

(क) धितोपत्रको किसिम अनुसार नाम, संस्था र रकम छुट्टाछुट्टै उल्लेख गर्ने ।
(ख) प्रत्येक कोलममा एकै किसिमको धितोपत्रहरु मात्र उल्लेख गर्ने ।

# सूचिकरण गराउंदा सम्वन्धित बैंक/कम्पनी/संस्थाले भर्नुपर्ने बिबरण

१. कम्पनीको नाम :

२. कुन ऐन अन्तर्गत स्थापना भएको हो :

३. स्थापना मिति :

४. कम्पनी रहेको स्थान :

५. स्थापना हुंदा प्राईभेट हो वा पव्लिक लि. कम्पनी हो :

६. स्थापना हुंदा प्राईभेट भएमा पव्लिक कम्पनीमा परिणत भएको मिति र तारिक :

७. कम्पनीको दर्ता ठेगाना :

८. कारोवार हुने ईलाका :

९. उद्देश्य र कार्यहरु :

१०. अधिकृत पूँजी :

| क्र.स. | शेयरको किसिम | अंकित मूल्य | शेयर संख्या | शेयर रकम रु. |
|---|---|---|---|---|
| (क) | साधारण शेयर | | | |
| (ख) | अग्राधिकार शेयर | | | |
| (ग) | | | | |

११. निष्काशित पूँजी :

| क्र.स. | शेयरको किसिम | अंकित मूल्य | शेयर संख्या | शेयर रकम रु. |
|---|---|---|---|---|
| (क) | साधारण शेयर | | | |
| (ख) | अग्राधिकार शेयर | | | |
| (ग) | जम्मा निष्काशित शेयर पूँजी | | | |
| | जम्मा | | | |

१२. अग्राधिकार शेयर : (सम्वन्धितले मात्र भर्ने )

(क) संख्या :

(ख) रकम :

(ग) लाभांश दर :

(घ) शर्त तथा विशेष व्यवस्था भए उल्लेख गर्ने :

१३. <u>प्रिमियममा शेयर बिक्री भएको भए</u> : (सम्वन्धितले मात्र भर्ने )

(क) प्रति शेयर प्रिमियम :

(ख) शेयर संख्या :

(ग) प्रति शेयर मूल्य (प्रिमियम सहित) :

(घ) प्रति शेयर चुक्ता मूल्य (प्रिमियम बाहेक) :

(ङ) कूल प्रिमियम रकम :

१४. <u>डिवेन्चर</u> : (सम्वन्धितले मात्र भर्ने )

(क) अधिकृत रकम :

(ख) निष्काशित रकम :

(ग) प्रति इकाई मूल्य :

(घ) ब्याज दर (प्रतिशत) :

(ङ) ब्याज दिने मिति :

(च) भुक्तानी मिति :

(छ) शर्त र विशेषताहरु (संलग्न बिबरण):

(ज) नगद बिक्री वाहेक अन्य अवस्थावाट पठाएको भए सो को बिबरण :

१५. <u>सूचिकरण गराउने धितोपत्र सम्वन्धी</u> :

(क) <u>शेयर</u> :

(१) <u>संख्या</u> :

(क) साधारण शेयर :

(ख) अग्राधिकार शेयरः

(२) <u>प्रति इकाई मूल्य</u> :

(क) साधारण शेयर :

(ख) अग्राधिकार शेयरः

(३) <u>प्रति शेयर चुक्ता मूल्य</u> :

(क) साधारण शेयर :

(ख) अग्राधिकार शेयरः

(४) <u>कूल शेयर रकम</u> :

(क) साधारण शेयर :

(ख) अग्राधिकार शेयरः

(५) कूल चुक्ता रकम :

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

(६) कूल साधारण शेयर :

बोनश शेयर :

(७) अन्य :

(ख) डिवेन्चर : (सम्वन्धितले मात्र भर्ने )

१. रकम :

२. संख्या :

३. व्याज दर प्रतिशत :

४. व्याज दिने मिति :

५. भुक्तानी मिति शर्त र विशेषताहरु :
(बिबरण संलग्न गर्नु पर्ने )

१६. लाभांश तथा बोनस शेयर वितरण :

(क) आर्थिक बर्ष ................

| क्र.स. | बिबरण | लाभांश रु. | रकम रु. | प्रतिशत |
|---|---|---|---|---|
| १. | अन्तरिम | | | |
| २. | अन्तिम | | | |
| ३. | जम्मा | | | |
| ४. | वोनस शेयर वितरण | | | |
| ५. | अनुपात (Ratio) | | | |

(ख) आर्थिक बर्ष ................

| क्र.स. | बिबरण | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १. | अन्तरिम | | |
| २. | अन्तिम | | |
| ३. | जम्मा | | |
| ४. | वोनस शेयर वितरण | | |
| ५. | अनुपात (Ratio) | | |

(ग) आर्थिक बर्ष ................

| क्र.स. | बिबरण | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १. | अन्तरिम | | |
| २. | अन्तिम | | |
| ३. | जम्मा | | |
| ४. | वोनस शेयर वितरण | | |
| ५. | अनुपात (Ratio) | | |

१७. कम्पनी स्थापना भए देखि पुर्नस्थापना, संयूक्तिकरण वा शेयर पूँजीमा घटी बढी गरेर परिवर्तन गरेको भए सो सम्वन्धी बिबरण :

१८. नामसारी दस्तुर :

(क) साधारण शेयर/बोनस शेयर :

(ख) अग्राधिकार शेयर :

(ग) डिवेन्चर :

१९. एकिकरण/बिभाजन शूल्क :

(क) एकिकरण :

(ख) बिभाजन :

(ग) नविकरण वा पुरानोको वदलामा नयाँ दिनु परेमा :

२०. आर्थिक बर्ष समाप्त हुने मिति :

२१. साधारण तथा अन्तरिम लाभांश दिने समय :

२२. साधारण सभा बस्ने स्थान :

२३. शेयर नामसारी हुने तथा दरखास्त दिन सकिने स्थान :

२४. धितोपत्रको स्वामित्व सम्वन्धी बिबरण :

(क) शेयर सम्वन्धमा :

१. शेयरवालाहरुको संख्या :

(क) साधारण शेयरवाला :

(ख) अग्राधिकार शेयरवाला :

२. कूल निष्काशित शेयर संख्या :

(क) साधारण शेयरवाला :

(ख) अग्राधिकार शेयरवाला :

(ख) डिवेन्चर (हाल सूचिकरण गरिने ) :

१. इकाई मूल्य :

२. भुक्तानी हुन वाँकी अवधि :

३. डिवेन्चरवालाहरुको संख्या :

२५. पछिल्लो साधारण सभा भएको मिति र सभा नम्वर :

२६. पछिल्लो लेखापरीक्षण भएको बर्ष :

२७. पछिल्लो लाभांश बितरण दर र बर्ष :

२८. पछिल्लो वोनस शेयर वितरण अनुपात र बर्ष :

२९. विगत ३ बर्षसम्मको मूल्य कारोवारको बिबरण संलग्न गर्नु पर्ने ।

माथि उल्लेखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित नेपाल कानून वमोजिम व्यहोर्ने छु ।

..........................................

(महाप्रवन्धक/कार्यकारी संचालक)

(अनुसूची ९)
(नियम २२ उपनियम (१) र २३ को उपनियम (२) संग सम्वन्धित)

# lwtf]kq ;"rLs/0f z'Ns tyf afli{s z'Ns

(क) शेयर सूचिकरण तथा बार्षिक शूल्क :

| क्र.स. | जरी पूँजी | सूचिकरण शूल्क | बार्षिक शूल्क |
|---|---|---|---|
| १. | रु.१ करोडसम्म | ०.२० प्रतिशत वा न्यूनतम रु.१५,०००।- | १५,०००।- |
| २. | रु.१ करोड देखि रु.५ करोडसम्म | ०.१५ प्रतिशत वा न्यूनतम रु.४५,०००।- | २५,०००।- |
| ३. | रु.५ करोड देखि रु.१० करोडसम्म | ०.१० प्रतिशत वा न्यूनतम रु.७५,०००।- | ३५,०००।- |
| ४. | रु.१० करोड देखि माथि | ०.०७५ प्रतिशत वा न्यूनतम रु.१,००,०००।- | ५०,०००।- |

(ख) डिबेन्चर/एकांक वचत वा समूहगत वचत सूचिकरण शूल्क तथा बार्षिक शूल्क :

| क्र.स. | डिवेन्चर/एकांक वचत वा समूहगत वचत रकम | सूचिकरण शूल्क | बार्षिक शूल्क |
|---|---|---|---|
| १. | रु.१ करोडसम्म | ०.२० प्रतिशत वा न्यूनतम रु.१५,०००।- | १५,०००।- |
| २. | रु.१ करोड देखि रु.५ करोडसम्म | ०.१५ प्रतिशत वा न्यूनतम रु.४५,०००।- | २५,०००।- |
| ३. | रु.५ करोड देखि रु.१० करोडसम्म | ०.१० प्रतिशत वा न्यूनतम रु.७५,०००।- | ३५,०००।- |
| ४. | रु.१० करोड देखि माथि | ०.०७५ प्रतिशत वा न्यूनतम रु.१,००,०००।- | ५०,०००।- |

चेक लिस्ट (विनियम ५ संग सम्वन्धित)

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिहंदरवारप्लाजा, काठमाण्डौं ।

आवेदक कम्पनीले आवश्यक कागजात संलग्न गरी पेश गर्दा निम्न कागजातहरु पेश गरेको छ/छैन उल्लेख गरी बुझाउनु पर्नेछ ।

कम्पनीको नाम श्री ................................................................ धितोपत्र सूचिकरण विनियमावली, २०५३ को विनियम ५ बमोजिम पेश भएका कागजातहरुको र अन्य सूचिकरणका लागि आवश्यक कागजातहरुको विवरण ।

| | | |
|---|---|---|
| १ | सूचिकरण आवेदन फारम (धितोपत्र कारोवार नियमवाली, २०५० को अनुसूची ८ वमोजिमको) | छ/छैन |
| २ | संगठित संस्थाको दर्त्ता नम्वर र मिति उल्लेख भएको | छ/छैन |
| ३ | संगठित संस्थाले कारोवार शुरु गरेको मिति उल्लेख भएको | छ/छैन |
| ४ | संगठित संस्थाको मुल उद्देश्य तथा संस्थाले संपादन गर्ने काम कारोवार बिबरण | छ/छैन |
| ५ | शेयर बाहेक अन्य धितोपत्र सूचिकरण गराउने भएमा त्यस्तो धितोपत्र जारी गर्नुको उद्देश्य, करार वा ट्रष्ट्रि गरेको भए सो को मुख्य मुख्य शर्तहरु, लक्षित समूह र प्रतिफल वितरण गर्ने व्यवस्था सम्वन्धी विवरण | छ/छैन |
| ६ | शेयर बाहेक अन्य धितोपत्र सूचिकरण गराउने भएमा त्यस्तो धितोपत्र जारी गर्नुको उद्देश्य, करार वा ट्रष्ट्रि गरेको भए सो को मुख्य मुख्य शर्तहरु, लक्षित समूह र प्रतिफल वितरण गर्ने व्यवस्था सम्वन्धी बिबरण | छ/छैन |
| ७ | विदेशी लगानीकर्त्ताहरुलाई धितोपत्र विक्री गरिएको भए सोको विवरण | छ/छैन |
| ८ | संगठित संस्थाका संचालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र लेखापरीक्षक तथा पाँच प्रतिशत भन्दा बढी शेयर ग्रहण गर्ने शेयरधनीहरुको नाममा रहेको शेयरको विवरण पेश गरेको | छ/छैन |
| ९ | संगठित संस्थाको कार्यकारी प्रमुख र संचालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता, व्यावसायिक अनुभव र निजहरुले ग्रहण गरको धितोपत्रको विवरण पेश गरेको | छ/छैन |
| १० | संगठित संस्थाको कार्यकारी प्रमुख वा संचालकहरुले अन्य कुनै संगठित संस्था वा कम्पनीको पूँजीको दश प्रतिशत वा सो भन्दा बढि शेयर ग्रहण गरेको भए त्यस्तो संगठित संस्था वा कम्पनीको नाम, ठेगाना, शेयर संख्या र रकम सम्वन्धी विवरण उल्लेख गरेको | छ/छैन |
| ११ | संगठित संस्थाको कार्यकारी प्रमुख वा संचालकहरु अन्य कुनै संगठित संस्था वा कम्पनीको वहालवाला संचालक भए त्यस्तो संगठित संस्था वा कम्पनीको नाम र ठेगाना उल्लेख गरेको | छ/छैन |
| १३ | संगठित संस्थाले आफनो चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी रकम कुनै संगठित संस्था वा कम्पनी को शेयर पूँजीमा लगानी गरेको भए त्यस्तो संगठित संस्था वा कम्पनीको नाम, ठेगाना, शेयर संख्या र रकम सम्वन्धी विवरण पेश गरको | छ/छैन |

| | | |
|---|---|---|
| १४ | धितोपत्र निष्काशन गर्दा जारी गरिएको विवरणपत्र, आव्हानपत्र वा सोही प्रयोजनको लागि सार्वजनिक रुपमा जारी गरिएको अन्य कुनै सूचना वा जानकारी भए सो को विवरण र सो सम्वन्धी कागजातको प्रतिलिपि पेश गरेको | छ/छैन |
| १५ | धितोपत्रवालाहरुको नाम, ठेगाना र निजहरुले ग्रहण गरेको धितोपत्र संख्या र रकम सम्वन्धी अद्यावधिक विवरणहरु पेश गरेको | छ/छैन |
| १६ | संगठित संस्थाको प्रवन्धपत्र तथा नियमावली र विशेष ऐन अन्तर्गत गठन वा संस्थापन भएको भए त्यस्तो संस्थाको सम्वन्धित ऐन, नियम तथा विनियमहरु । | छ/छैन |
| १७ | संगठित संस्थाको दर्त्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । | छ/छैन |
| १८ | संगठित संस्थाको कारोवार सम्वन्धी हालको अवस्था र भविष्यमा गरिने कारोवार बारे व्यवस्थापनको कार्य योजना र मन्तव्य । | छ/छैन |
| १९ | धितोपत्र सूचिकरण गराउने सम्वन्धमा संचालक समितिले गरको निर्णयको प्रतिलिपि । | छ/छैन |
| २० | सूचिकरण गर्न खोजिएको धितोपत्रको प्रमाणपत्रको नमूना (संस्थापक) | छ/छैन |
| २१ | संगठित संस्थाको विगत तीन बर्षको लेखापरीक्षण भएको आय व्यय बिवरण बासलात, लेखापरीक्षकको प्रतिवेदन तथा कारोवार बिबरण । | छ/छैन |
| २२ | आयकर दर्त्ता प्रमाण पत्र । PAN Number लिएको भए सो सम्वन्धी कुरा तथा लिएको मिति र अवधि समाप्त हुने मिति उल्लेख भएको प्रमाण | छ/छैन |
| २३ | कारोवार ईजाजत पत्रको प्रतिलिपि | छ/छैन |
| २४ | बैक वा वित्त कम्पनी भएमा नेपाल राष्ट्र बैंकको ईजाजत पत्रको प्रतिलिपि | छ/छैन |
| २५ | नेपाल सरकार, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड आदि निकायहरुले स्वीकृति प्रदान गर्दा कुनै शर्त र वन्देज भए सो पूरा गरेको प्रतिवद्धता सम्वन्धी पत्र | छ/छैन |
| २६ | बोनस शेयर जारी गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंकले दिएको सहमति (बैंक तथा वित्त कम्पनीको हकमा मात्र पत्रको प्रतिलिपि ) | छ/छैन |
| २७ | बोनस शेयर, हकप्रद शेयर जारी गरिएको भए सो बारे बार्षिक साधारण सभाले गरेको निर्णयको प्रतिलिपि | छ/छैन |
| २८ | बोनस शेयर, हकप्रद शेयर जारी गर्दा प्रवन्ध पत्र र नियमावलीमा भएको संशोधनहरुको प्रतिलिपि | छ/छैन |
| २९ | कम्पनी संस्थापकहरु र उनीहरुले ग्रहण गरेको शेयर संख्या सम्वन्धी विवरण | छ/छैन |
| ३० | कम्पनीको लेखापरीक्षण हुन वाँकी रहेको आ.ब. र त्रैमासिक, अर्धबार्षिक अवधिको लेखापरीक्षित वासलात र नाफा नोक्शान हिसाव - नयाँ कम्पनीको हकमा) सम्वन्धी विवरण | छ/छैन |
| ३१ | नेपाल स्टक एक्सचेन्ज लिमिटेडले निर्धारण गरेको फाराममा वासलात र नाफा/नोक्सान हिसावको तुलनात्मक विश्लेषण गरी तयार पारेको विवरण | छ/छैन |
| ३२ | संगठित संस्थाले पछिल्लो पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित (पत्रिकाको नाम र मिति उल्लेख भएको) वित्तीय विवरण । | छ/छैन |
| ३३ | संगठित संस्थाको धितोपत्र निश्काशन, विक्रीवन्द, प्रमाणपत्र वितरण तथा अन्य राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेका (पत्रिकाको नाम र मिति उल्लेख भएको) सूचनाहरु । | छ/छैन |
| ३४ | शेयर वाडफाड गर्ने संचालक समितिको निर्णय तथा Committee को निर्णय । | छ / छैन |
| ३५ | नेपाल स्टक एक्सचेन्जले निर्धारण गरेको Format मा Financial Report Via e-mail | छ / छैन |

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

**सुपरिवेक्षण, सूचिकरण तथा वित्त विभाग**

(सूचिकरण शाखा)

<u>सिंहदरबार प्लाजा, काठमाण्डौं</u>

## आवेदक कम्पनीको संक्षिप्त परिचय

कम्पनीको नाम : .......................................

ठेगाना : .........................................

सम्पर्क कार्यालय/नामसारीको लागि पठाउने ठेगाना :

.............................................................

नामसारी दस्तुर : ...

टुक्राउने/एकिकरण दस्तुर : ..

शेयरहोल्डर्स संख्या : ..........

सर्वसाधारण : ................. कित्ता

कर्मचारी : .................... कित्ता

कम्पनी प्रवर्द्धक : ............. कित्ता

## सूचिकरणको लागि प्रस्तुत धितोपत्रको बिबरण

<u>सूचिकरणको लागि प्रस्ताव गरिएको हकप्रद/वोनस शेयर संख्या</u> : ............. कित्ता    अंकित मूल्य : रु......

नेपाल धितोपत्र वोर्डवाट स्वीकृति मिति : .........

चुक्ता मूल्य : रु......

कम्पनीको उद्देश्य : .....................................

अधिकृत पूँजी : रु. ........

आयकर दर्ता प्रमाण पत्र नं. : .........

जारी पूँजी :  रु. ...... ....

कम्पनी दर्ता नं : प.लि.नम्वर : ..........

चुक्ता पूँजी : रु. ..........

ने.रा. बैंकबाट ईजाजत / कारोवार संचालन मितिः .........

शेयर निष्काशन मिति .............

सूचिकरण शूल्क रु. .........................

बार्षिक शूल्क रु.  ...........................

(अनूसुची १)
(विनियम ७ संग सम्वन्धित)
फा.नं. १

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
# र
# श्री.......................................................
# वीच भएको
# धितोपत्र सूचिकरण सम्झौता पत्र

................................................ ऐन, ........... अन्तर्गत मिति ................. मा स्थापना भई .................................मा रजिष्टर्ड कार्यालय रहेको ........................................ले (यस पछि यस लिखतमा "संगठित संस्था" भनिएको) आफूले निष्काशन एंव वांडफांड गरेको प्रति ................ (धितोपत्रको नाम) अंकित मूल्य रु. ..... र चुक्ता मूल्य रु......... भएको ............. कित्ता ............ (धितोपत्र) सूचिकरणको निमित्त मिति ............... मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (यसपछि यस लिखितमा " धितोपत्र वजार " भनिएको) मा निवेदन दिएकोमा धितोपत्र बजारले उक्त निवेदन उपर आवश्यक जांचवुझ गरी निम्न लिखित शर्त वन्देजका अधिनमा रही .................... (धितोपत्र) सूचिकरण गर्न गराउन दुवै पक्ष मन्जूर भएकोले आज मिति ...........................का दिन यो सम्झौता गरेका छौं ।

## शर्तहरु

१. संगठित संस्थाले जारी गरेको अंकित मूल्य रु. ........ चुक्ता मूल्य रु. ............ भएको ................. .. (धितोपत्र) धितोपत्र सम्वन्धी ऐन, २०६३, धितोपत्र कारोवार नियमावली, २०५० र धितोपत्र सूचिकरण विनियमावली, २०५३ को अधिनमा रही कारोवार गर्नको लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा उपलव्ध सेवा र सुविधा प्रदान गर्न धितोपत्र बजार मन्जूर गर्दछ ।

२. स्टक एक्सचेन्जमा कारोबार भएको संगठित संस्थाको धितोपत्रको कारोबारहरु सम्बन्धी प्रमाणिक विवरणहरु संगठित संस्थाले माग गरेमा उपलब्ध गराउन स्टक एक्सचेन्ज मन्जूर गर्दछ ।

३. संगठित संस्थाले स्टक एक्सचेन्जमा पठाएको सूचना र विवरणहरु सार्वजनिक रुपमा जानकारी गराउन स्टक एक्सचेन्ज मन्जूर गर्दछ ।

४. संगठित संस्थाको प्रबन्धपत्र वा नियमावली संशोधन गर्ने संवन्धमा संचालक समितिले निर्णय गरेमा सो सम्बन्धी प्रस्ताव निर्णय भएको भोलिपल्ट धितोपत्र वजारमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

५. संगठित संस्थाले अन्तरिम लाभांश बितरण गर्ने निर्णय भएमा निर्णय हुंदाको समयमा कायम रहेका शेयरवालालाई मात्र त्यस्तो लाभांश वितरण गर्न संगठित संस्था मन्जूर गर्दछ ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागि “निर्णय हुंदाको समयमा कायम रहेको शेयरवाला” भन्नाले शेयर दर्ता कितावमा दर्ता भएका शेयरवाला र यस्तो निर्णय हुनु भन्दा अगाडि स्टक एक्सचेन्जमा शेयर खरीद गरेको तर दर्ता किताबमा दर्ता हुन वांकी रहेका व्यक्तिहरुलाई संझनु पर्दछ ।

६. अन्तरिम लाभांश वितरण गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी संभव भएसम्म तुरुन्त फ्याक्सद्वारा स्टक एक्सचेन्जलाई सोही दिन वा भोली पल्टसम्म लिखित रुपमा स्टक एक्सचेन्जमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

७. अन्तिम लाभांश वा वोनस शेयर वा हकप्रद शेयर जारी गर्ने संवन्धमा संचालक समितिले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी संभव भएसम्म तुरुन्त फ्याक्सवाट स्टक एक्सचेन्जलाई दिन र सोही दिन वा भोलिपल्ट कारोवार शुरु हुनु भन्दा अगाडिसम्ममा लिखित रुपमा स्टक एक्सचेन्जमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

८. शेयर मूल्यमा प्रत्यक्ष प्रभाव पर्ने संगठित संस्थासंग सम्वन्धित कुनै पनि सूचना वा जानकारी स्टक एक्सचेन्जलाई तुरुन्त दिन संगठित संस्था मन्जूर गर्दछ ।

९. संगठित संस्थाले आफ्नो नियमित कारोवारको क्रममा बाहेक अन्य कुनै चल अचल सम्पत्ति खरीद विक्री गरेको वा गर्ने योजना गरेको भएमा त्यसवाट संगठित संस्थाको कारोवार तथा प्रतिफलमा पर्ने असर बारे तुरुन्त शेयरवालाहरुलाई र धितोपत्र वजारलाई जानकारी दिन संगठित संस्था मन्जूर गर्दछ ।

१०. धितोपत्र दर्ता किताब वन्द गर्नुपर्ने भएमा बन्द हुने अवधि र सोको कारण सहित वन्द हुने अवधि भन्दा कम्तिमा एक्काईस दिन अगाडि स्टक एक्सचेन्जलाई जानकारी दिन संगठित संस्था मन्जूर गर्दछ ।

११. संगठित संस्थाले आफूले सूचिकरण गराएको धितोपत्रको मूल्य वा कारोबार वा संगठित संस्थाको हक वा दायित्वमा असर पर्ने गरी सम्पत्तिमा थपघट भएमा वा व्यवस्थापन सम्बन्धी कुनै संझौता वा करार गरेमा सोको जानकारी सोही दिन वा भोलीपल्ट सम्ममा स्टक एक्सचेन्जलाई दिन संगठित संस्था मन्जूर गर्दछ ।

१२. संगठित संस्थाले बोलाएको साधारण सभा कुनै कारणवश हुन नसकी अर्को मितिमा साधारण सभा पुनः गराउनु पर्ने भएमा विनियम १६ को खण्ड (छ) वमोजिम कायम भएको शेयरवालालाई मात्र स्थगन भएको साधारण सभाले घोषणा गर्ने लाभांश/वोनश शेयर/हकप्रद शेयर आदि दिन संगठित संस्था मन्जूर गर्दछ ।

१३. अदालत वा अधिकार प्राप्त अधिकारीले साधारण सभा स्थगन गर्ने आदेश दिएको कारणवाट साधारण सभा हुने भनी तोकिएको मितिले दुई महिना भित्र साधारण सभा बस्न नसक्ने अवस्था भएमा स्थगन भएको साधारण सभामा घोषणा गर्न प्रस्ताव गरिएको लाभांशलाई अन्तरिम लाभांशको रुपमा वितरण गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१४. वार्षिक साधारण सभा समाप्त भएको पन्ध्र दिन भित्रमा स्टक एक्सचेन्जले तोकेको विवरण सहित धितोपत्रवालाहरुको लगत स्टक एक्सचेन्जमा पेश गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१५. संगठित संस्थाले लगातार दुई आर्थिक वर्षसम्म लेखापरीक्षण गराएको प्रतिवेदन स्टक एक्सचेन्जमा

पेश नगरेमा त्यस्तो संगठित संस्थाको धितोपत्रको कारोबार स्टक एक्सचेन्जले स्थगन गर्न सक्नेछ र यसरी कारोबार स्थगन भएको ६ (छ) महिना भित्र लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन स्टक एक्सचेन्जमा पेश गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१६. संगठित संस्थाको संचालक समितिले सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी पूँजी उठाउने निर्णय गरेमा त्यस्तो निर्णय भएको भोलिपल्ट स्टक एक्सचेन्जमा जानकारी पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

| | |
|---|---|
| नेपाल स्टक एक्सचेन्ज लिमिटेडको<br>तर्फवाट | ...............................................<br>तर्फबाट |
| दस्तखत : | दस्तखत : |
| नाम : .................................. | नाम : |
| दर्जा : महाप्रवन्धक | दर्जा : |
| मिति : ........... | मिति : ............... |

| | |
|---|---|
| साक्षी : | साक्षी : |
| १. (क) दस्तखत | १. (क) दस्तखत |
| (ख) नाम : | (ख) नाम : |
| (ग) ठेगाना : नेपाल स्टक एक्स्चेन्ज लि. | (ग) ठेगाना : |
| २. (क) दस्तखत | २. (क) दस्तखत |
| (ख) नाम : | (ख) नाम : |
| (ग) ठेगाना : नेपाल स्टक एक्स्चेन्ज लि. | (ग) ठेगाना : |

## बोनस शेयर सूचिकरण गर्ने भएमा :

यदि सूचिकृत कम्पनीले साविक शेयर होल्डर्सहरुलाई वोनस शेयर जारी गर्ने निर्णय गरी वोनस शेयर जारी गरेको छ भने यस्तो निर्णय गरेको मितिले ३ महिना भित्र वोनस शेयर सूचिकरण गराई सक्नु पर्नेछ । यसरी सूचिकरण गराउने कम्पनीले तोकिएको ढांचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ ।

**आवेदन साथ निम्न कागजातहरु संलग्न गरिएको हुनु पर्दछ ।**

| | | |
|---|---|---|
| १ | बोनस शेयर वितरण गर्ने संचालक समितिको निर्णय र कुन मितिसम्मको शेयरहोल्डर्सहरुलाई वोनस शेयर वितरण गर्ने गरी निर्णय गरिएको हो सोको जानकारी । | छ / छैन |
| २ | वैंक तथा वित्त कम्पनीको हकमा ने.रा.बैंकको ईजाजत पत्र तोकिएको शर्तहरु । | छ / छैन |
| ३ | साधारण सभाको निर्णय । | छ / छैन |
| ४ | पूँजीमा पर्ने असर । यसका कारणले सच्याइएको प्रवन्ध पत्र तथा नियमावली । | छ / छैन |
| ५ | विगत ३ बर्षको लेखापरीक्षण गरिएको वासलात । | छ / छैन |
| ६ | उत्पादन मुलक कम्पनी भएमा पूँजी बृद्धिको कारण तथा भावी योजना । | छ / छैन |
| ७ | वोनस शेयर प्रमाणपत्रको नमूना । | छ / छैन |
| ८ | विगत ५ बर्षको लाभांश दर । | छ / छैन |
| ९ | वोनस शेयर सूचिकरण गर्ने निर्णय । | छ / छैन |
| १० | संगठित संस्थाले पछिल्लो पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित (पत्रिकाको नाम र मिति उल्लेख भएको) वित्तीय विवरण । | छ / छैन |
| ११ | शेयरहोल्डर्स लिष्ट (Floppy or CD) | छ / छैन |
| १२ | कूल शेयरहोल्डर संख्याको ५०% संख्यालाई वोनस शेयर प्रमाणपत्र वितरण भए वा नभएको सम्वन्धमा अधिकारिक पत्र । | छ / छैन |
| १३ | संगठित संस्थाले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको वोनस शेयर प्रमाणपत्र वितरण सम्वन्धी तथा अन्य वोनस शेयर सम्वन्धी सूचनाहरु (पत्रिकाको नाम र मिति उल्लेख भएको ) | छ / छैन |
| १४ | नेपाल धितोपत्र वोर्डमा वोनस शेयर दर्ता गरिएको आधिकारीक पत्र । | छ / छैन |
| १५ | नेपाल स्टक एक्सचेन्जले निर्धारण गरेको Format मा Financial Report Via e=mail | छ / छैन |
| १६ | धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ को अनुसूचि १४ नियम २२ को उपनियम २ संग सम्वन्धित वित्तीय विवरण । | छ / छैन |

# हकप्रद शेयर सूचिकरण गर्ने भएमा

कुनै पनि सूचिकृत कम्पनीले विद्यमान शेयरहोल्डर्सहरुलाई जारी गरेको हकप्रद शेयर सूचिकरणका लागि आवेदन दिंदा धितोपत्र सूचिकरण विनियमावली, २०५३ मा तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित आवेदन दिनु पर्दछ ।

**आवेदन साथ निम्न कागजातहरु संलग्न गरिएको हुनु पर्दछ ।**

| | | |
|---|---|---|
| १ | पूँजी बृध्दिवाट प्रवन्ध पत्रमा पर्ने असर एंव संशोधित प्रवन्धपत्र तथा नियमावली । | छ / छैन |
| २ | बिबरणपत्र | छ / छैन |
| ३ | हकप्रद शेयर निष्काशन गर्न प्राप्त सहमति तथा तोकिएका शर्तहरु | छ / छैन |
| ४ | उपरोक्त शर्तहरु पुरा भएको ब्यहोरा, यदि कुनै शर्त पूरा गर्न वांकी भए सो हुनाको कारण । | छ / छैन |
| ५ | शेयर प्रमाणपत्रको नमुना । | छ / छैन |
| ६ | शेयरहोल्डर्स लिष्ट (Floppy or CD) | छ / छैन |
| ७ | विगत ३ बर्षको वासलात तथा नाफा नोक्सान हिसाव । | छ / छैन |
| ८ | ऋृणपूँजी तथा साधारण शेयरको अनुपात । | छ / छैन |
| ९ | उत्पादन तथा सेवा मूलक कम्पनी भएमा पूँजी बृद्धिको कारण तथा भावी योजना । | छ / छैन |
| १० | साधारण सभाको निर्णय । | छ / छैन |
| ११ | विगत ३ बर्षमा वितरण गरेको लाभांश प्रतिशत । | छ / छैन |
| १२ | शेयर सूचिकरण गर्ने निर्णय । | छ / छैन |
| १३ | संगठित संस्थाले पछिल्लो पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित (पत्रिकाको नाम र मिति उल्लेख भएको) वित्तीय विवरण । | छ / छैन |
| १४ | कूल शेयरहोल्डर संख्याको ५०% भन्दा वढी शेयरहोल्डरहरुलाई शेयर प्रमाणपत्र वितरण भए वा नभएको सम्वन्धमा अधिकारिक पत्र । | छ / छैन |
| १५ | संगठित संस्थाले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको हकप्रद शेयर वितरण सम्वन्धी तथा अन्य हकप्रद शेयर सम्वन्धी सूचनाहरु (पत्रिकाको नाम र मिति उल्लेख भएको) | छ / छैन |
| १६ | हकप्रद शेयर वाडफाड गर्ने संचालक समितिको निर्णय तथा Committee को निर्णय । | छ / छैन |
| १७ | नेपाल स्टक एक्सचेन्जले निर्धारण गरेको Format मा Financial Report Via e-mail | छ / छैन |
| १८ | धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०६५ को अनुसूचि १४ नियम २२ को उपनियम २ संग सम्वन्धित वित्तीय विवरण । | छ / छैन |